# ग्रामीण दूरसञ्चार विकास कोष प्रयोग गरी ब्रोडब्याण्ड इन्टरनेट सेवाको स्तर उन्नति तथा विस्तार गर्ने सम्बन्धमा स्थानिय तहसँग समझदारी-पत्रमा हस्ताक्षर गर्न हालसम्म छुटेका स्थानिय तहहरूलाई यस प्राधिकरणमा सम्पर्क गर्नु हुन जानकारी गरिएको सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०७८/०९/०८**

भुकम्पबाट अति प्रभावित ८ जिल्लाहरू (काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, दोलखा, सिन्धुली, रामेछाप र ओखलढुङ्गा) का सबै स्थानिय तहका कार्यालयहरू, वडा कार्यालयहरू, सामुदायिक माध्यमिक विद्यालयहरू तथा सामुदायिक स्वास्थ्य संस्थाहरूमा ब्रोडब्याण्ड इन्टरनेट सेवाको स्तर उन्नति गर्न तथा सामुदायिक आधारभूत विद्यालयहरूमा ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान तथा सञ्चालन गर्न र भूकम्पबाट अति प्रभावित उपरोक्त ८ जिल्लाहरू र काठमाडौं उपत्यका बाहेकका ६६ जिल्लाहरूका सामुदायिक आधारभूत विद्यालयहरूमा ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान तथा सञ्चालन गर्न स्थानिय तहसँग समझदारी-पत्रमा हस्ताक्षर गरी कार्य अगाडी बढाइएकोमा हालसम्म भूकम्पबाट अति प्रभावित ८ जिल्लाहरूका ७६ मध्ये ७१ र काठमाडौं उपत्यका बाहेकका ६६ जिल्लाहरूका ६५६ मध्ये २६७ स्थानीय तहहरुसँग समझदारी-पत्रमा हस्ताक्षर गरिएकोमा हालसम्म समझदारी-पत्रमा हस्ताक्षर गर्न छूट भएका स्थानिय तहहरूले यो सूचना प्रकाशन गरिएको मितिबाट १ महिना भित्र यस प्राधिकरणमा सम्पर्क गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि पुनः यो सूचना प्रकाशन गरिएको छ । साथै १ महिनाको समयसिमा भित्र समझदारी-पत्रमा हस्ताक्षरको लागि सम्पर्कमा आउने स्थानीय निकायहरुको सूचीलाई अन्तिम मानी उपरोक्त कार्यक्रम अगाडी बढाइने व्यहोरा समेत अनुरोध छ ।


## नेपाल दूरसञ्चार प्राधिकरण

**राष्ट्रिय नाचघर, जमल, काठमाडौं**

**टेलिफोन : ०१-५३५५४७४**

**इमेल :** info@nta.gov.np/ruralproject@nta.gov.np

**वेवसाइट :** www.nta.gov.np